# तिलाठी कोईलाडी गाउँपालिका

# তিলাঠী কাঞেজলাডী গাউঁপালিকা

## गाउँ कार्यपालिकाको कार्यालय

EmailId:tilathikoiladigp@gmail.com

तिलाठी, सप्तरी

मधेश प्रदेश, नेपाल

प. स. २०७९/०८०

च. नं. : १६०४८

मिति : २०८०/०२/२२

श्री सरोकारवाला सवै

**विषय : आयोजनाको फरफारक तथा भुक्तानी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम (७) मा भुक्तानी दिनु पर्ने रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा ७ (सात) दिन अगाडी (आषाढ २४ गते) भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने हुन्छ ।

आर्थिक बर्ष समापन अगाडी नै सम्पूर्ण कर दाखिला गर्नु पर्ने हिसाबमिलान गर्नुपर्ने तथा संघ र प्रदेश सरकारलाई फिर्ता हुने रकम फिर्ता गर्नु पर्ने हुन्छ । साथै आर्थिक बर्षको मसान्तको अन्तिम समयमा सरकारी भुक्तानी प्रणाली SUTRA तथा CGAS मा अत्याधिक चाप पर्न गई काम नगर्ने र भुक्तानीमा समस्या हुने गरेको व्यहोरा सर्वविदितै छ ।

तसर्थ भुक्तानी प्रकृयामा समस्या हुन नदिनका लागि कार्यादेश प्राप्त भई कार्य सँग सम्बन्धित सम्पूर्ण कागजातहरु तपसिलमा उल्लेखित वमोजिमको समय भित्र भुत्तानीको लागि पेश गर्नु हुन अनुरोध छ । तोकिएको समय भित्र कागजात पेश नभएमा कार्यालय भुक्तानीका लागि जवाफदेही हुनेछैन । सो को जिम्मेवारी स्वयं व्यक्ति हुनेछ ।

तपसिल

१. गाउँपालिकाको आयोजना कार्यक्रम/वडा स्तरीय आयोजना तथा कार्यक्रमको हकमा भुक्तानी तथा पेश्की फर्छयौट २०८० आषाढ १५ गते सम्म ।

२. वडा स्तरीय र गाउँपालिका स्तरीय पूर्वाधार कार्यक्रमको हकमा २०८० आषाढ १९ गते सम्म ।

(सुरेन्द्र कुमार यादव)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

सादर अवगतार्थ

गाउँपालिका अध्यक्ष ज्यू :आवश्यक सहयोग एवं सहजिकरण गरि दिनु हुन ।

गाउँपालिका उपाध्यक्ष ज्यू :आवश्यक सहयोग सहजिकरण तथा अनुगमन गरि दिनु हुन ।

वडा अध्यक्ष ज्यूहरु : आयोजना तथा कार्यक्रमको अनुगमन तथा आवश्यक सहयोग सहजिकरण गरि दिनु हुन ।

बोधार्थ

श्री सम्पूर्ण शाखाहरु ति.को.गा.पा.,सप्तरी : तोकिएको समय भित्र कार्यान्वयन गर्न हुने व्यवस्था मिलाउने ।

श्री सम्पूर्ण वडा कार्यालयहरु ति.को.गा.पा.,सप्तरी : तोकिएको समय भित्र कार्यान्व्यिन गर्नु/गराउनु हुन ।